**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी आज ओडिशाको एक दिने भ्रमणमा रहनुहुनेछ।उहाँले बिभिन्न विकास परियोजनाहरुको उद्धाटन अनि शिलान्यास गर्नुहुनेछ।

- स्वास्थ्य अनि परिवार कल्याण मंत्री जे.पी. नड्डाले हिज दिल्लीमा कार्यकारी संचालन समितिको दोस्रो बैठकमा **नैशनल वन हेल्थ मिशन को** प्रगति बारे समीक्षा गर्नुभयो।

- पेट्रोलियम अनि प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरीले अंडमान सागरमा ऊर्जाको अवसरहरुको एउटा महासागर खोलिएको बताउनुभएको छ।

- डाक विभागले इनल्याण्ड स्पीड पोस्ट अन्तर्गत शुल्कहरू परिमार्जन गरेको छ जसको उद्देश्य विश्वसनीयता, सुरक्षा अनि ग्राहक सुविधा बढाउन रहेको छ।

- एशिया कप टी-ट्वेंटी क्रिकेटमा सुपर-फोर चरणको अंतिम म्याचमा भारतले श्रीलंकालाई सुपर-ओवरमा पराजित गरेको छ। प्रतियोगिताको फाइनलमा भारतको भिडन्त पाकिस्तानसित हुनेछ।

**प्रधानमंत्री ओडिशा दौरा**

प्रधानमंत्री नरेन्द्र मोदी आज ओडिशाको एक दिने भ्रमणमा रहनुहुनेछ। प्रधानमंत्रीले झारसुगुड़ामा 60 हज़ार करोड़ रुपियाँ भन्दा अधिकको बिभिन्न विकास परियोजनाहरुको उद्धाटन अनि शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरु दूरसंचार, रेलवे, उच्च शिक्षा, स्वास्थ्य सेवा, कौशल विकास, ग्रामीण आवास सहित विभिन्न क्षेत्रहरु सित सम्बन्धित छन्। यस अवसरमा श्री मोदीले एक जनसभालाई पनि संबोधित गर्नुहुनेछ। प्रधानमंत्रीले स्वदेशी तकनीक द्वारा लगभग 37 हजार करोड़ रुपियाँको लागतमा निर्मित 97 हजार 500 भन्दा अधिक मोबाइल **फोर-जी** टावरहरुको उद्धाटन गर्नुहुनेछ। यसमा भारत संचार निगम लिमिटेडको 92 हजार 600 भन्दा अधिक **फोर-जी** प्रौद्योगिकी साइट सामेल छन्। डिजिटल भारत अभियान अंतर्गत 18 हजार 900 भन्दा अधिक **फोर-जी** साइटलाई वित्त पोषित गरिएको छ। यी टावरहरु सौर ऊर्जाबाट संचालित हुनेछन्। श्री मोदीले महत्वपूर्ण रेलवे परियोजनाहरुको पनि शिलान्यास गर्नुहुनेछ जसमा संबलपुर-सरलामा रेल फ्लाईओवरको शिलान्यास ,कोरापुट-बैगुडा लाइन अनि मनाबर-कोरापुट-गोरपुर लाइनको दोहरीकरण सामेल छन्। प्रधानमंत्रीले ओडिशाको बरहामपुर अनि गुजरातको सूरतमा उधना बीच अमृत भारत एक्सप्रेसलाई पनि प्रस्थान गराउनुहुने छ। प्रधानमंत्रीले लगभग 11 हजार करोड़ रुपियाँको निवेशमा तिरुपति, पलक्कड़, भिलाई, जम्मू, धारवाड़, जोधपुर, पटना अनि इंदौरमा आठ भारतीय प्रौद्योगिकी संस्थानहरुको विस्तारको आधारशिला रख्नुहुनेछ। श्री मोदीले ओडिशा कौशल विकास परियोजनाको दोस्रो चरणको पनि शुभारंभ गर्नुहुनेछ जस अंतर्गत संबलपुर अनि बरहामपुरमा विश्व कौशल केंद्र स्थापित गरिनेछ। प्रधानमंत्रीको यात्राको अवधि ओडिशामा स्वास्थ्य सेवाको बुनियादी ढांचालाई पनि उल्लेखनीय बढ़ावा पुग्नेछ। यस बाहेक श्री मोदीले अंत्योदय गृह योजना अंतर्गत 50 हजार लाभार्थिहरुलाई स्वीकृति आदेश वितरित गर्नुहुनेछ। यस योजना अन्तर्गत दिव्यांगजनहरु , विधवाहरु , उपचार नभएका बीमारिहरुबाट पीड़ित व्यक्तिहरु अनि प्राकृतिक आपदाका पीड़ितहरु लगायत बिपन्न ग्रामीण परिवारहरुलाई पक्का घर अनि वित्तीय सहायता प्रदान गरिन्छ।

**राष्ट्रपति न्यायाधीश - नियुक्तियां**

राष्ट्रपति द्रौपदी मुर्मुले इलाहाबाद उच्च न्यायालयमा 24 न्यायाधीशहरुको नियुक्ति गर्नुभएको छ । यसमा वरिष्ठ अधिवक्ता विवेक सरन, गरिमा प्रसाद अनि सुधांशु चौहान सामेल छन् । यस बाहेक हिमाचल प्रदेश उच्च न्यायालयमा पनि दुई जना न्यायाधीशहरुको नियुक्ति गरिएको छ जबकि कर्नाटक उच्च न्यायालयमा एक स्थायी न्यायाधीश अनि तीन अतिरिक्त न्यायाधीशहरुको नियुक्ति गरिएको छ । यी नियुक्तिहरु प्रधान न्यायाधीशको परामर्श पछि गरिएको हो ।

**नड्डा - वन हेल्थ मिशन**

स्वास्थ्य अनि परिवार कल्याण मंत्री जे.पी. नड्डाले हिज दिल्लीमा कार्यकारी संचालन समितिको दोस्रो बैठकमा **नैशनल वन हेल्थ मिशन को** प्रगति बारे समीक्षा गर्नुभयो । मानव, पशु, रुख-बिरुवाहरु अनि पर्यावरणीय स्वास्थ्य बीच आपस्तको सम्बन्धहरुलाई चिन्हित गर्नमा यस मिशनको भूमिका माथि ज़ोर दिंदै , स्वास्थ्य मंत्रीले भन्नुभयो - मिलेर काम गरे मात्र भविष्यको खतराहरु बारे आकलन गर्न अनि त्येसलाई रोक्न सकिनेछ । उहाले यस कुरा माथि पनि ज़ोर दिनुभयो कि **नैशनल वन हेल्थ मिशन को** माध्यम द्वारा विभिन्न विभागहरुको समन्वित प्रयास, दृष्टिकोणलाई वास्तविक परिणामहरुमा परिवर्तित गरिँदैछ । उहाले प्रतिभागिहरु सित यस सहयोगलाई अझ बलियो बनाउने अनि यस मिशनको पहलहरुको कार्यान्वयनमा राज्य पदाधिकारिहरुलाई सहयोग गर्ने आह्वान गर्नुभएको छ । श्री नड्डाले **वन हेल्थ मिशनको लागि** मानक संचालन प्रक्रियाहरु , रोडमैप अनि मार्गहरुमा भएको प्रगतिको सराहना गर्नुभयो । स्वास्थ्य मंत्रीले यस मिशनको कार्यान्वयनका लागि बुनियादी सुविधाहरुलाई बलियो बनाउने सुझाव दिनुभयो । उहाले ज़ोर दिनुभयो कि भविष्यमा मिशनको सफलताका लागि पूर्वानुमानित विचार प्रक्रिया महत्वपूर्ण छ । श्री नड्डाले बैठकमा गरिएको विचार-विमर्शबाट अघि आएका सुझावहरुको स्वागत गर्नुभयो ।

**पुरी-प्राकृतिक गैस**

पेट्रोलियम अनि प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरीले भन्नुभएको छ कि अंडमान बेसिनमा प्राकृतिक गैसको खोजबाट पुष्टि हुंदछ कि अंडमान सागर प्राकृतिक गैसले समृद्ध छ । सोशल मीडिया पोस्टमा हिज श्री पुरीले भन्नुभयो- अंडमान सागरमा ऊर्जाको अवसरहरुको एउटा महासागर खोलिएको छ । उहाले अंडमान द्वीप समूहको पूर्वी तटमा श्री विजयपुरम-2 कुवाहरुमा प्राकृतिक गैस भएको जानकारी दिनुभयो । श्री पुरीले भन्नुभयो गैसको नमूनाको काकीनाडामा परीक्षण गरिए पछि त्येसमा 87 प्रतिशत मीथेन रहेको जानकारी प्राप्त भएको छ । गैस भंडारको आकार अनि खोजको व्यावसायिक व्यवहारिकता आगामी महीनाहरुमा सत्यापित हुने उहाले बताउनुभयो । श्री पुरीले भन्नुभयो - स्वतंत्रता दिवसमा प्रधानमंत्री नरेंद्र मोदी द्वारा घोषित गहिरो पानी मिशन अंतर्गत, नयाँ खोजहरु अनि हाइड्रोकार्बन भंडारको पूर्ण उपयोग गर्नको लागी गहिरो पानीको अन्वेषण कुवाहरुको योजना बनाईएको छ । प्राकृतिक गैसको उपस्थिति अमृत कालको माध्यम द्वारा भारतको यात्रामा एक महत्वपूर्ण उपलब्धि हुने उहाले अझ बताउनुभयो । प्रधानमंत्री मोदीले स्वतंत्रता दिवस संबोधनमा राष्ट्रीय गहिरो पानी अन्वेषण मिशनको घोषणा गर्नुभएको थियो । यसको उद्देश्य समुद्रमा तेल अनि गैसको भंडार बारे पत्तो लगाउनु रहेको छ । प्रधानमंत्रीले यसलाई **समुद्र मंथन** नाम दिंदै यस पहललाई मिशन मोडमा कार्यान्वित गरिने घोषणा गर्नुभएको थियो ।

**जी.एस.टी. सुधार - पर्यटन**

प्रधानमंत्री नरेन्द्र मोदी द्वारा घोषित जीएसटी बचत उत्सव समाजका सबै बर्गहरुका लागि लाभकारी सिद् भैरहेको छ । यस महिनाको 22 तारीख देखि लागू भएको अघिल्लो पीढ़ीको जीएसटी सुधार, भारतको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउने दिशामा एक महत्वपूर्ण कदम हो । यो सुधार विभिन्न वस्तुहरु अनि सेवाहरु माथि करको दरलाई कम्ति गरेर नागरिकहरुलाई धेरै राहत प्रदान गरिरहेको छ ।

**डाक शुल्क**

डाक विभागले इनल्याण्ड स्पीड पोस्ट अन्तर्गत दस्तावेज शुल्कहरू परिमार्जन गरेको छ। विश्वसनीयता, सुरक्षा र ग्राहक सुविधा बढाउन नयाँ सुविधाहरू ल्याइएका छन्। सञ्चार मन्त्रालयले संशोधित शुल्कहरू १ अक्टोबर देखि लागू हुने बताएको

छ। स्थानीय क्षेत्रहरूमा स्पीड पोस्टको लागि, ५० ग्रामसम्मको तौलका वस्तुहरूको लागि नयाँ शुल्क 19 रूपियाँ हुनेछ। ५० ग्रामदेखि २५० ग्रामसम्मका वस्तुहरूको लागि 24 रूपिया र २५० देखि ५०० ग्रामसम्मका वस्तुहरूको लागि २८ रूपिया हुनेछ। यसबाहेक, ५० ग्रामसम्मका वस्तुहरूको लागि, २०० किलोमिटरदेखि २००० किलोमिटर भित्रका वस्तुहरूको लागि ४७ रूपिया शुल्क लाग्नेछ। ५० ग्रामदेखि २५० ग्रामसम्मका वस्तुहरूको लागि, २०० किलोमिटर भित्रका वस्तुहरूको लागि न्यूनतम शुल्क ५९ रूपिया र २००० किलोमिटरभन्दा माथिका वस्तुहरूको लागि ७७ रूपिया हुनेछ। दूरीको आधारमा स्पीड पोस्ट शुल्कहरू पनि परिमार्जन गरिएको छ, ७० रूपिया देखि ९३ रूपिया सम्म। मन्त्रालयले स्पीड पोस्टका सामानहरूमा पनि जीएसटी लागू हुने बताएको छ। विद्यार्थीहरूको लागि स्पीड पोस्ट सेवाहरूमा पहुँच बढाउन स्पीड पोस्ट शुल्कमा १० प्रतिशत छुट ल्याएको छ। यसका साथै, नयाँ थोक ग्राहकहरूलाई पाँच प्रतिशतको विशेष छुट प्रदान गरिनेछ। इनल्याण्ड स्पीड पोस्ट शुल्कहरू अन्तिम पटक अक्टोबर २०१२ मा संशोधित गरिएको थियो।

सञ्चार मन्त्रालयले स्पीड पोस्टका लागि प्रस्तुत गरिएका नयाँ सुविधाहरूमा ओटीपी.आधारित सुरक्षित डेलिभरी, अनलाइन भुक्तानी सुविधा, एसएमएस.आधारित डेलिभरी सूचनाहरू र वास्तविक.समय डेलिभरी अपडेटहरू समावेश रहेको बताएको छ।

## क्रिकेट

एशिया कप टी-ट्वेंटी क्रिकेटमा सुपर-फोर चरणको अंतिम म्याचमा  भारतले श्रीलंकालाई पराजित गरेर फाइनलमा प्रवेश गरेको छ । दुबईमा हिज म्याच टाई भए पछि सुपर-ओवरमा भारतले श्रीलंकालाई पराजित गरे । सुपर-फोरको दुवै म्याच हारे पछि श्रीलंका टूर्नामेंटबाट बाहिर भएको छ । पहिला बल्लेबाजी गर्दै भारतले निर्धारित 20 ओवरमा पांच विकेट गुमाएर 202 रन बनाए। अभिषेक शर्माले 61 रनको पारी खेले। 203 तीन रनको

लक्ष्यको जवाबमा श्रीलंकाको टीम निर्धारित 20 ओवरमा 202 रन बनाएर म्याच टाई गर्न सफल भए । पथुम निसांकाले शतकीय पारी खेले । सुपर ओवरमा भारतका अर्शदीप सिंहले 2 विकेट लिएर श्रीलंकालाई केवल 2 रनमा रोकी दिए । जवाबमा भारतले पहिलो बलमा नै तीन रन बनाएर म्याच जित्न सफल भए । दुबईमा भोली प्रतियोगिताको फाइनलमा भारतको भिडन्त पाकिस्तानसित हुनेछ । म्याच भारतीय समय अनुसार राती आठ बजे देखि शुरु हुनेछ ।

## विश्व- पैरा एथलेटिक्स - दिल्ली

**12 औ विश्व पैरा एथलेटिक्स चैंपियनशिप** आज नयाँ दिल्लीको  जवाहरलाल नेहरू स्टेडियममा शुरू हुनेछ । 9 दिन सम्म चलने यस  प्रतियोगितामा कुल 186 पदक स्पर्धाहरु हुनेछ जसमा पुरुषहरुका लागि   101, महिलाहरुका लागि 84 अनि एक मिश्रित स्पर्धा सामेल छन् | चैंपियनशिपको समापन आगामी महिनाको 5 तारीख हुनेछ ।